## ६३ औं कार्यपालिका बैठक

आज मिति २०७७ साल वैशाख २६ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री बल वहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री अर्जुन प्रसाद सापकोटा | लेखा अधिकृत | |
| १८. | श्री विमल रानामगर | कार्यालय सहयोगी | |

<u>प्रस्ताव तथा छलफलका विषयहरु:</u>

१. कर्मचारी पुरस्कार सिफारिस समिति गठन सम्वन्धमा ।

२. संघ तथा प्रदेशमा माग गर्ने योजना तथा कार्यक्रम सम्वन्धमा ।

३. कार्यविधि तथा मापदण्ड स्वीकृत गर्ने सम्वन्धमा ।

(क) आधारभूत तह कक्षा आठको परीक्षा संचालन तथा प्रमाणीकरण सम्वन्धी मापदण्ड, २०७७

(ख) आधारभूत तह नमूना विद्यालय छनौट, विकास तथा संचालन कार्यविधि, २०७७

४. लकडाउनको अवधिमा र ततपश्चात कार्यालयवाट सेवा प्रवाह गर्दा पालना गनुपर्ने आचारसंहिता/ सावधानी सम्वन्धमा ।

५. आगमी आर्थिक वर्षमा संघसंस्थावाट कार्यान्वयन गर्ने योजना आव्हान सम्वन्धमा ।

६. विविध ।

निर्णयहरु:

निर्णय नं. १

आगामी आर्थिक वर्षमा गाउँ सभाको पावन अवसरमा पुरस्कृत गर्नका लागि गाउँपालिकामा कार्यरत कर्मचारीहरु मध्येबाट कर्मचारी पुरस्कार सिफारिसका लागि देहायका पदाधिकारीहरु रहने गरी एक कर्मचारी पुरस्कार सिफारिस समिति गठन गर्ने निर्णय गरियो। कर्मचारी पुरस्कार सिफारिस गर्दा समितिले उपयुक्त मापदण्ड बनाइ सोही मापदण्डको आधारमा सिफारिस गर्ने व्यवस्था मिलाउनेछ।

कर्मचारी पुरस्कार सिफारिस समिति

(क) विनोद रोका, प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) दिपक अधिकारी, स्वास्थय संयोजक — सदस्य

(ग) लक्ष्मण मैनाली, अधिकृत छैठौं, प्रशासन — सदस्य सचिव

निर्णय नं. २

आगामी आर्थिक वर्ष २०७७/०७८ मा कार्यान्वयन गर्नका लागि संघ तथा प्रदेशमा देहायका योजना तथा कार्यक्रमहरु वजेट मागका लागि सम्वन्धित निकायमा पेश गर्ने निर्णय गरियो।

तपसिल:

संघमा पेश गर्ने योजनाहरु:

| सि.नं. | योजना तथा कार्यक्रम | ठेगाना/स्थान |
|---|---|---|
| १ | बुर्चेत चोके बेसी इवी रिचेत सडक निर्माण | गंगाजमुना गाउँपालिका - १ |
| २ | ताजिम्राङ खानेपानी योजना | गंगाजमुना गाउँपालिका - १ |
| ३ | ताजिम्राङ नयाँ बस्ती लंगरचेत सडक निर्माण | गंगाजमुना गाउँपालिका - १ |
| ४ | कुताल खानेपानी योजना | गंगाजमुना गाउँपालिका - २ |
| ५ | पासाङचोक पर्यटन पूर्वाधार विकास योजना | गंगाजमुना गाउँपालिका - २ |
| ६ | सल्लेरी खानेपानी योजना | गंगाजमुना गाउँपालिका - २ |
| ७ | किन्ताङ फेदी गुम्दी छेलाङ चिमचोक सडक स्तरोन्नती | गंगाजमुना गाउँपालिका - ३ |
| ८ | छेलाङ आपाङ तावलबेसी सडक निर्माण | गंगाजमुना गाउँपालिका - ३ |
| ९ | छेलाङ मम्वई दार्खाफेदी सडक निर्माण | गंगाजमुना गाउँपालिका - ३ |
| १० | चापे फलाङ्गे खानेपानी योजना | गंगाजमुना गाउँपालिका - ४ |
| ११ | भीरकुना पहिरोखोला रातमाटे रातोडाँडा खानेपानी योजना | गंगाजमुना गाउँपालिका - ४ |
| १२ | वगुवा चापकुना कात्तिके सादन सडक स्तरोन्नती | गंगाजमुना गाउँपालिका - ५ |
| १३ | ढाँडखर्क खानेपानी योजना | गंगाजमुना गाउँपालिका - ५ |
| १४ | देवीस्थान कल्लेरी सुकभञ्ज्याङ गंगाजमुना सडक | गंगाजमुना गाउँपालिका - ५ |

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फुलखर्क, धादिङ बागमती प्रदेश नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

| | | |
|---|---|---|
| १५ | सिक्टार बुढाथुम बसेरी मान्बु सडक कालोपत्रे | गंगाजमुना गाउँपालिका – ६ |
| १६ | मनपाङखोला डि खोप मोटर पुल निर्माण | गंगाजमुना गाउँपालिका – ७ |
| १७ | सिक्टार बुढाथुम बसेरी मान्बु सडक कालोपत्रे | गंगाजमुना गाउँपालिका – ७ |

**प्रदेशमा पेश गर्ने योजनाहरु:**

| सि.नं. | योजना तथा कार्यक्रम | ठेगाना/स्थान |
|---|---|---|
| १ | स्वास्थ्य चौकी भवन निर्माण | गंगाजमुना गाउँपालिका – १ |
| २ | ताजिम्राङ किचेत सडक निर्माण | गंगाजमुना गाउँपालिका – १ |
| ३ | ड्युङखोला तारगंङ इवी बेसी सिंचाइ | गंगाजमुना गाउँपालिका – १ |
| ४ | तावल सल्लेरी री सडक | गंगाजमुना गाउँपालिका – २ |
| ५ | धुसेनी खानेपानी योजना | गंगाजमुना गाउँपालिका – २ |
| ६ | छिनुउ कुताल सल्लेरी सडक | गंगाजमुना गाउँपालिका – २ |
| ७ | स्वास्थ्य चौकी भवन निर्माण | गंगाजमुना गाउँपालिका – ३ |
| ८ | लुङ्री गुम्दी चिमचोक सडक स्तरोन्नती | गंगाजमुना गाउँपालिका – ३ |
| ९ | गुम्दी खानेपानी योजना (एक घर एक धारा, २०० घरधुरी) | गंगाजमुना गाउँपालिका – ३ |
| १० | किन्ताङफेदी साल्दुम सातदोबाटे सडक | गंगाजमुना गाउँपालिका – ४ |
| ११ | खोलाखेत भण्डारी गाउँ खुलालडाँडा सडक निर्माण | गंगाजमुना गाउँपालिका – ४ |
| १२ | आफलखोला चिमचोक पोखरा फुलखर्क खा.पा.यो. | गंगाजमुना गाउँपालिका – ५ |
| १३ | तीनखण्डे मजुवा डाँडागाउँ भैसे मान्बु सडक निर्माण | गंगाजमुना गाउँपालिका – ५ |
| १४ | गंगाजमुना पर्यटन क्षेत्र पूर्वाधार विकास | गंगाजमुना गाउँपालिका – ५ |
| १५ | पिप्ले हटिया खिरबोटे महालक्ष्मी सडक स्तरोन्नती | गंगाजमुना गाउँपालिका – ६ |
| १६ | गिद्देडाँडा भंगेरी डाँडागाउँ सडक | गंगाजमुना गाउँपालिका – ६ |
| १७ | चौरथला ठूलोनाङ्गे पर्यटन पूर्वाधार विकास | गंगाजमुना गाउँपालिका – ६ |
| १८ | बुढाथुम खानेपानी योजना (एक घर, एक धारा) | गंगाजमुना गाउँपालिका – ७ |
| १९ | आलडाँडा भोर्ले रातमाटे मजुवा सडक | गंगाजमुना गाउँपालिका – ७ |
| २० | कृषि चिस्यान केन्द्र निर्माण बुढाथुम | गंगाजमुना गाउँपालिका – ७ |

**निर्णय नं. ३**

शिक्षा, यूवा तथा खेलकुद शाखाबाट पेश हुन आएको देहाय बमोजिमका कार्यविधि तथा मापदण्ड स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

**तपसिल:**

(क) आधारभूत तह कक्षा आठको परीक्षा संचालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७७

(ख) आधारभूत तह नमूना विद्यालय छनौट, विकास तथा संचालन कार्यविधि, २०७७

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

**निर्णय नं. ४**

विश्वभर महामारी तथा संक्रमणको रुपमा फैलिरहेको नोवेल कोरोना भाइरस (COVID-19) को रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले अवलम्वन गरेको बन्दावन्दीको (Lock down) अवधिमा र तत्पश्चात कार्यालयबाट सेवा प्रवाह गर्दा पालना गनुपर्ने आचारसंहिता/ सावधानीहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

विगतका आर्थिक वर्ष देखि यस गाउँपालिकामा कार्यक्षेत्र बनाई विकास निर्माण, शिक्षा, स्वास्थ्य, नागरिक चेताना, महिला सशक्तिकरण तथा सरसफाई लगायतका क्षेत्रमा कार्यरत एवं आगामी आर्थिक वर्षमा कार्यक्षेत्र बनाई योजना तथा कार्यक्रम लागू गर्ने गैर सरकारी संघसंस्थाहरुको योजना, कार्यक्रम तथा वजेट आगामी गाउँ सभाबाट स्वीकृत गराएर मात्र कार्यान्वयनका लागि अनुमति दिने व्यवस्था गरिएको हुँदा त्यस्ता गैर सरकारी संघसंस्थाहरुले गत आर्थिक वर्ष ०७६/०७७ को प्रगति विवरण र आगामी आर्थिक वर्ष ०७७/०७८ का लागि कार्यान्वयन गर्ने योजना, कार्यक्रम तथा वजेट सम्वत २०७७ जेष्ठ १५ गते सम्ममा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने निर्णय गरियो ।

**विविध**

(क) विश्वभर महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि यस गाउँपालिकामा भारत लगायत तेश्रो मुलुकबाट आफ्नो घर फर्केका गाउँपालिकावासीहरुको स्वास्थ्य परीक्षण लगायत निजहरुको विवरण व्यवस्थापनको लागि त्यस्ता व्यक्तिहरुको लगत सम्वन्धित वडाको स्वास्थ्य संस्थाको समन्वयमा वडाले विवरण अद्यावधिक गर्ने निर्णय गरियो ।

(ख) यस गंगाजमुना गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका सहकारी संस्थाहरुवीच बैठक बसी छलफल गर्नका लागि त्यस्ता सहकारीहरुलाई बन्दाबन्दी खुले पश्चात तत्काल बैठक आव्हान गर्ने निर्णय गरियो ।

(ग) यस गाउँपालिकाको आगामी आर्थिक वर्ष ०७७/०७८ का लागि नीति, योजना तथा वजेट निर्माणका सम्वन्धमा सुझाव सल्लाह संकलन गर्नका लागि गाउँपालिकाका पाटी प्रतिनिधि, सामाजिक व्यक्तित्व, बुद्धिजीवि, शिक्षक लगायतको सहभागिता हुने गरी बन्दाबन्दी पश्चात तत्काल बैठक आव्हान गर्ने निर्णय गरियो ।

(घ) यस गाउँपालिकाले उपभोक्ता समितिबाट कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्वत २०७७ जेष्ठ १५ गते सम्ममा मात्र गर्ने भनी साविकको कार्यपालिका बैठकबाट निर्णय भएकोमा विश्वभर महामारी तथा संक्रमणको रुपमा फैलिएको नोवेल कोरोना भाइरसका कारण विकास निर्माणका कार्यहरु प्रभावित भएकोले त्यस्ता योजना तथा कार्यक्रमको भुक्तानीको समयावधी वढाएर सम्वत २०७७ जेष्ठ ३२ सम्म गर्ने निर्णय गरियो ।

(ङ) आ.व. ०७६/०७७ को आन्तरिक आय तर्फ यस गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने आँखुखोला तथा बुढीगण्डकी खोलाको ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा संकलनको लागि श्री डबजोङ कन्स्ट्रक्सन

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फूलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

प्रा.लि., निलकण्ठ न.पा.- ३ सँग सम्झौता गरी नदीजन्य पदार्थको उत्खन्न तथा संकलनको कार्यादेश दिईएकोमा सम्झौताका वखत उक्त कम्पनीले कृषि विकास बैंक लि. धादिङ शाखाको चेक नं.१६०६३६३९ बाट रु ४,००,०००/- (अक्षरेपी चार लाख मात्र) दिएकोमा पटक पटक चेक वाउन्स भै रकम पालिकाको खातामा दाखिला हुन नसकेको । साथै ठेक्काको सम्झौता बमोजिम दोश्रो किस्ता वापतको रकम रु १५,००,०००/- (अक्षरेपी पन्ध्र लाख मात्र) सम्वत २०७६ चैत्र मसान्तसम्ममा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्नेमा हालसम्म पनि दाखिला नगरेको हुँदा कृषि विकास बैंक लि., धादिङ शाखाको कार्य सम्पादन जमानत नं. PBO130/0024/5145/20 बाट रु १९,००,०००/- (अक्षरेपी उन्नाइस लाख मात्र) गाउँपालिकाको खातामा दाखिला गर्न अनुरोध गर्ने निर्णय गरियो ।

(च) विश्वभर महामारी तथा संक्रमणको रुपमा फैलिएको नोवेल कोरोना भाइरस कोभिड १९ का कारण स्थगित भएको दादुरा रुवेला खोप अभियान कार्यक्रम, ०७६/०७७ यही मिति २०७७ साल जेष्ठ ७ गते देखि ११ गते सम्म यस गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा सामाजिक दुरी कायम गरी संचालन गर्नका लागि स्वास्थ्य कार्यालय, धादिङ मा अनुरोध गर्ने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष